# बाइबलीय प्रवचन

# BIBLICAL SERMON

BY REV. DR. MANGAL MAN MAHARJAN

वर्ष ११, अंक १२

Yr. 11, Vol. 12

१२

## १ र २ तिमोथीको पुस्तक

१ तिमोथी ६:११ देखि २ तिमोथी २:१३ सम्म





# यो बाइबलीय प्रवचनको आवश्यकता किन?

बाइबल आफैमा एउटा स्पष्ट र सिद्ध धर्मशास्त्र हो, जसका बारेमाबा धैरै व्याख्या विश्लेषण गरिरहनु आवश्यक पर्दैन। तर यो जतिको सरल र स्पष्ट छ, त्यतिकै विशाल अनि बुझ्नलाई कठिन पनि छ। यस बाइबलको बारेमा बुझ्न र बुझाउन धैरै मानिसहरूले आफ्नो जीवनको अधिकांश समय बिताएका छन्। नेपालमा पनि अहिले परमेश्वरको अनुग्रहले प्रशस्तै बाइबल स्कुल र कलेजहरू स्थापना भएका छन् र त्यहाँ पनि बाइबलकै बारेमा सिकाउने काम गरिन्छ। यो बाइबल बुझ्न सक्ने र यसका बारेमा बुझेर शिक्षा दिने मानिसहरूको भने नेपालका ख्रीष्टियन मण्डलीहरूमा धैरै नै कमि देखिन्छ। एकातिर दिन प्रतिदिन मण्डलीहरू बृद्धि हुँदैछन् भने अर्कोतिर बाइबलको शिक्षालाई बिगारेर आफ्नो मनपरी शिक्षा सिद्धान्त सिकाउने व्यक्तिहरूको प्रतिवाद गरी आफ्ना विश्वासीहरूलाई सही मार्गमा डोऱ्याउने पास्टर अगुवाहरूको पनि कमि नै छ भन्दा अतियुक्ति नहोला। वचनको सेवकाइ गर्ने इच्छा, बोझ दर्शन भएका विश्वासीहरू थुप्रै छन्। तर त्यसलाई ठीक प्रकारले सिकाउन सक्ने व्यक्तिहरू भने हाम्रा मण्डलीहरूमा एकदमै कम मात्रामा पाइन्छन्। कति विश्वासीहरूलाई बाइबलीय प्रवचन कसरी तयार गर्ने भन्ने तौर तरीका पनि थाहा छैन। मण्डलीमा भएका वचनका सेवकाइ गर्न इच्छा राख्ने अगुवाहरूलाई केही हदसम्म भए पनि सिकाउन सक्षम बनाई विश्वासीहरूको आत्मिक खाँचोलाई पूरा गर्ने यो बाइबलीय प्रवचनको मुख्य उद्देश्य हो। कतिपटक हामीले सुनेका वचनहरू कालान्तरमा विर्सन सक्छौं। तर हामीसँग लिखित प्रवचन छ भने विभिन्न समयमा त्यसलाई हेर्न सकिन्छ र अरुलाई पनि यसबाट सिकाउन सक्छौं। यसकारण पनि यस प्रकारको लिखित बाइबलीय प्रवचनको खाँचो भएको महसुस गरिएको हो र विभिन्न मण्डलीहरूका सम्पूर्ण सेवक-सेविकाहरू यसबाट लाभान्वित हुनुहुनेछ। यसले यहाँहरूको आत्मिक उन्नति र वचनको सेवकाइमा धैरै नै सहायता पुऱ्याउने छ भन्ने विश्वासकासाथ यहाँहरू समक्ष प्रस्तुत प्रवचन लिएर उपस्थित भएको छु।

यो प्रवचन मण्डलीका सम्पूर्ण विश्वासीहरूका लागि पनि हो र विशेष गरी वचनको सेवकाइ गर्ने पास्टर-अगुवाहरूका लागि हो। यो हाम्रा मण्डलीहरूको आत्मिक खाँचोलाई पूर्ति गर्न सहयोगी बनोस् भनेर तयार गरीएको हो। यसकारण सबै मण्डलीका पास्टर अगुवाहरूले यस प्रवचनलाई कुनै संकोच नमानी चलाउन सक्नुहुनेछ। यस अघिका सबै प्रवचनहरू पाइरहनु भएकै होला भन्ने विश्वास लिएको छु। केही सल्लाह सुझाव भएमा पठाउन नभुल्नुहोला। अब यो प्रवचन एघारौ बर्षको अंक ४ मा आइपुगेको छ र यसको निरन्तर प्रकाशनको लागि यहाँहरूले प्रार्थना गरीदिनुहोला, धन्यवाद।

*पास्टर मंगलमान महर्जन*

**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डली**
**KOINONIA PATAN CHURCH**
पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल।
P.O. Box No. 2415, Kathmandu, Nepal
Tel.: +977-01-5433842, 01-5433564; E-mail: patanchurch@gmail.com

# १. तिमोथीलाई पावलको अन्तिम निर्देशन वा शिक्षा वा आदेश
# Paul’s last teachings to Timothy

(१ तिमोथी ६:११-२१; 1 Timothy 6:11-21)

**१. परमेश्वरका जनलाई ईश्वरीय जीवन जिउन आदेश (पद ११-१६)**
**Command to God's people to live a divine life. (v. 11-16)**

पावलले यहाँ “तर” भन्ने शव्दबाट सुरु गरेका छन् । “तर”ले जहिले पनि माथि भनेका कुराको ठिक उल्टो काम, व्यवहार गर्नुपर्ने हुन्छ । पावलले तिमोथीलाई भनिरहेको कुराचाहिँ अभक्तहरू, झुटो शिक्षकहरू र झुटो शिक्षामा लागेकाहरू पैसाको लोभमा फस्छन् र विश्वासबाट तर्केर कुमार्गतिर लाग्छन् । उनीहरू असन्तुष्टि मानिसहरू हुन्छन् । तर परमेश्वरको जन वा भक्तजन तिमोथीले (हामीले) यी सबै त्याग्नुपर्छ र त्यसको सट्टामा धार्मिकता, भक्ति, विश्वास, प्रेम, स्थिरता र नम्रताको लक्ष्य राख्नुपर्छ ।

पावलले यहाँ “त्याग” भन्ने शब्द, चलाएको छ । त्यसको अर्थ हो त्यस ठाउँबाट भाग (flee) भनेको । खराब कुरा थाहा पाएपछि, हामीलाई नाश गर्ने कुरा थाहा पाएपछि भाग्नुपर्छ । जस्तै उदाहरणः जङ्गलको बाटोमा बाघको गन्ध र बाघ सुतिरहेको अगाडि देखेपछि र घुरेको सुनेपछि त्यही बसिरहनु भएन । हामी सकभर छिट्टो त्यस ठाउँबाट बाघलाई चाल नदिइकन सुटुक्क भाग्नुपर्छ । होइन भने बाघले मारेर हामीलाई खाइदिन्छ । अर्को उदाहरणः बिरालो र मुसाको भेट वा देखादेख । जब मुसाले बिरालो देख्छ, मुसा पुच्छर लुकाएर सासै फेर्न बिर्सने गरी भाग्छ । हामी पनि परीक्षाबाट, पैसाको लोभबाट भाग्नुपर्छ ।

पावलले अर्को शब्द चलाएको “पछि लाग वा लक्ष्य राख” हो । त्यसको अर्थ हो, त्यो कुरा नभइ नहुने जस्तै चाहा गर्नु । अङ्ग्रेजी शब्द Persue भन्ने चलाएको छ । धार्मिकता, भक्ति, विश्वास, प्रेम, स्थिरता र नम्रता यी कुरा एउटा परमेश्वरको जनमा नभइ नहुने र यी चरित्रहरू, गुणहरू राख्न सधैँ ठूलो इच्छा, चाहना र लक्ष्य राख्नुपर्छ । यी कुराका लागि मोहनी लागेको मान्छे जस्तो, (अङ्ग्रेजीमा Crazy भन्छ) हुनुपर्छ । मुसाले आफ्नो बचाउका लागि बिरालो छिर्न

नसकिने सुरक्षाको प्वाल खोज्नुपर्छ र प्वालभित्र पस्नुपर्छ । बिरालोदेखि भागेको जस्तो मात्र गरेर हुँदैन, किनभने एकदिन थाक्छ अनि बिरालोले समातेर खाइदिन्छ । त्यस्तै नराम्रो कुरा त्यागेर मात्र पुग्दैन; आफ्नो जीवनमा ईश्वरीय स्वभाव वा गुणहरू वा चरित्रहरू राख्नै पर्छ । नत्रभने फेरि कुनै समयमा परीक्षामा फसाउँछ । हाम्रो सुरक्षाको ठाउँ प्रभु येशू ख्रीष्ट हो । उहाँमा हामी भाग्नुपर्छ र उहाँमा रहिरहनुपर्छ । अनि शैतानले केही गर्न सक्दैन । पैसाको लोभबाट भागेर पवित्र आत्माको फलको पछि लाग्नुपर्छ ।

**पद** १२. “विश्वासको उत्तम लडाइँ लड । अनन्त जीवन पक्रिराख” भनेर पावलले तिमोथीलाई आज्ञा गर्दछन् । लडाइँ लड्ने भाषा एउटा खेलाडीलाई चलाउने भाषा हो । कहिलेकाहीँ सिपाहीको शत्रुसित अक्रमणमा पनि चलाउँछ । यो आत्मिक लडाइँ हो । यो विश्वासलाई थामिराख्ने लडाइँ हो । यसका लागि धेरै प्रयत्न गर्नुपर्छ । विश्वासलाई अगाडि बढाउँदै लानुपर्छ ।

अनन्त जीवन पक्रिराख्नु भनेको आफ्नो हृदयमा ख्रीष्ट येशूलाई विश्वासमा लिई राख्नु हो । यसका लागि नै तिमोथीलाई र हामी सबैलाई पनि बोलावट भएको हो । तिमोथी आफ्नो विश्वासको साक्षी सबै साक्षीहरूका अगाडि दिएका थिए । तिमोथीले आफ्नो विश्वासको साक्षी राम्ररी नै राखेका थिए । हामी पनि हाम्रो साक्षी अरूहरूको सामु राम्रो राख्नुपर्छ । हामीले हाम्रो विश्वास प्रभुमा बलियोसँग राख्नुपर्छ ।

**पद** १३–१४ पावलले तिमोथीलाई धेरै ठूलो आदेश (आज्ञा) दिँदैछ, पावलले परमेश्वर र पन्तियस पिलातस र ख्रीष्ट येशूको साक्षी राख्दछ । प्रभु येशू ख्रीष्ट फेरि नआउन्जेल वा देखा नपरून्जेल यस आज्ञालाई कलङ्क र अपवादबाट अलग रहन आज्ञा गरेका छन् । भन्नुको अर्थ आज्ञालाई केही शङ्का नगरी डरसँग राम्रोसँग, विश्वासयोग्यता साथ पालन गर्नुपर्छ । यो आज्ञा माथि ११ पदमा भनेको र तल पावलले दिँदै गएका आज्ञाहरू हुन् । ठिक सिद्धान्त, शिक्षा यो पत्रभरि पावलले आज्ञा गर्दै आएका छन् । ती सबै आज्ञा अन्तिम दिनसम्म पालन गर्नुपर्छ अनि मात्र विश्वासको लडन्त राम्रोसँग सिध्याएको हुन्छ ।

**पद** १५–१६ पावल भन्छन्, “धन्य र सर्वोच्च राजाहरूका महाराजा, प्रभुहरूका महाप्रभुले उचित समयमा (ठिक समयमा) ख्रीष्टको आगमनलाई प्रकट गर्नुभएको छ ।” पावलले सुरु-सुरुमा ख्रीष्टको आगमन छिट्टै हुन्छ भन्ने गर्थे । तर उनको सेवाकाइको अन्ततिर आएर भनेका छन् कि ख्रीष्ट येशूको आगमन परमेश्वर पिताको हातमा छ । उहाँको आगमनको समय कसैलाई पनि थाहा दिएको छैन ।

पावलको सोचाइ र भनाइ अब ख्रीष्ट येशूको आगमन पावलको जीवनभरिमा नआउने जस्तो सङ्केत दिएका छन् । परमेश्वर पिताले उचित समयमा वा ठिक समयमा ख्रीष्ट येशूलाई पठाउनु हुनेछ ।

परमेश्वरमा अमरत्व छ; उहाँ अनन्तको हुनुहुन्छ । उहाँ शासनकर्ता हुनुहुन्छ; सारा ब्रम्हाण्डका मालिक हुनुहुन्छ । उहाँ त्यस ज्योतिमा वास गर्नुहुन्छ जसको नजीक कोही जान सक्दैन र उहाँको नजिक बाँच्न पनि सक्दैन । उहाँलाई हेर्न पनि सक्दैन र कुनै मानिसले देखेको पनि छैन । यस्तो प्रभुलाई आदर, इज्जत, मान दिनुपर्छ । उहाँलाई नै आदर र पराक्रम सदासर्वदा होस् । आमेन् । भनेर पावलले कुरा सिध्याएका छन् । कुरा त सिध्याएका छैनन्, तर धनीहरूलाई गाली गरेका छन् र तिनीहरूलाई चेतावनी दिएका छन् ।

ख्रीष्ट येशूको आगमनबारे तपाईं र मेरो विश्वास कस्तो छ ? झुटो शिक्षकहरूले त उहाँको आगमन विश्वास नै गर्दैनन् । के तपाईंले परमेश्वरलाई पावलले यहाँ १५-१६ पदमा भने जस्तो सोच्नुभएको छ ? हामीले उहाँलाई आदर इज्जत दिनुपर्छ ।

## २. **धनीहरूलाई शिक्षा** (६:१७–१९)
## **Teaching to rich people (6:17-19)**

पावलले तिमोथीलाई आज्ञा गर्दछन् कि धनीहरूलाई आज्ञा गर्न र सिकाउन सल्लाह दिँदछन् । पावल भन्दछन्, अब तिमोथीले सबैसँग ठिक व्यवहार गर्ने र सिकाउने जिम्मेवारी आएको छ ।

### *क) धनीहरूलाई घमण्डी नहुन आज्ञा दिनुपर्छ ।*
### *Command rich man not to be proud.*

स्वभावैले धनीहरू घमण्डी हुन्छन् । किनकि धन-सम्पत्तिले जे पनि गर्न सक्छु भन्ने भावना हुन्छ । धनले सबै काम बन्दैन र गर्न सक्दैन भन्ने धनीहरूले बुझेका हुँदैनन् । त्यसकारण धन के हो ? धन कसको हो ? धन कहाँबाट आउँछ ? धनले मानिसलाई हानि गर्न सक्छ र धनमा कस्तो मन विचार हुनुपर्छ ? भन्ने धेरै धनीहरूलाई नहुन सक्छ । आजको धनी भोलि गरिब वा कङ्गाल हुन सक्छ । धनले मनमा शान्ति दिँदैन । धनले मानिसलाई चिन्ता-फिक्रीमा पारेको छ र ज्यान पनि लिएको छ । धेरै विकसित देशहरूमा धनी-धनीहरू आत्महत्या गर्दछन् । कसैले भनेको छ कि धनले के गर्नसक्छ र के गर्न सक्दैन, जस्तैः धनले ओच्छ्यान किन्न सक्छ र निद्रा किन्न सक्दैन; धनले औषधी किन्न सक्छ तर स्वास्थ्य किन्न सक्दैन; धनले किताब किन्न सकिन्छ तर ज्ञान-बुद्धि किन्न सकिन्न; धनले मेकअप सामान किन्न सकिन्छ तर सुन्दर अनुहार किन्न सकिन्न ।

*ख) त्यसकारण परमेश्वर माथि भरोसा र आशा राख्न सल्लाह दिनुपर्छ*
*Counsel them to trust in God*

अनिश्चित सम्पत्तिमा होइन तर हामीलाई हरेक भोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने परमेश्वरमाथि हामीले आशा राख्नुपर्छ र धनीहरूले पनि उहाँमा आशा राख्नुपर्छ । धनीहरूले बुझ्नुपर्ने कुरा यो हो कि सबै कुरा दिने परमेश्वर नै हुनुहुन्छ । यस संसारको सम्पत्ति सधैँका लागि रहँदैन । यो सम्पत्ति अनिश्चित छ । अनिश्चित सम्पत्तिमा धनीहरूले आशा राख्नु हुन्न । धनी ख्रीष्टियनहरूको निम्ति यो एउटा ठूलो परीक्षा हो । ख्रीष्टियनहरूले पैसामा नभएर परमेश्वरमा आशा राख्नुपर्छ । उहाँले नै हामीमा काम गर्नुपर्छ । असल काममा धनी हुनुपर्छ । उद्धार चित्तले देऊन् र अरूलाई आफ्नो सम्पत्तिको सहायता गर्नुपर्छ । ख्रीष्टियन धनीहरूले धनसम्पत्ति सबै आफ्नो स्वार्थका लागि मात्र चलाउनुहुँदैन । अरूसँग पनि आफूसँग भएको बाँड्चुड गर्न सिक्नुपर्छ । यदि धनीहरूले यसरी अरूलाई, जो खाँचोमा छन्, सहायता गर्छन् भने स्वर्गमा धनसम्पत्ति थुपारेको हुन्छ । येशू प्रभुले पनि यस्तै कुरा सिकाउनुभयो (मती ६:१९-२१; लुका १२:३३-३४; १८:२२) । यो सम्पत्ति अनन्तको हो । यो भविष्यको निम्ति असल जग जस्तै हुनेछ । धनी ख्रीष्टियनहरूले अनन्तको निम्ति धन लगानी गर्न सिक्नुपर्छ । कसरी लगानी गर्ने ? परमेश्वरको राज्य-बिस्तारमा, काम गर्नेहरूलाई सहायता गरेर, गरिब ख्रीष्टियन दाजुभाइहरूलाई सहायता गरेर, मण्डली काममा सक्दो सहायता गरेर, आदि आदि गरेर लगानी गर्न सकिन्छ । यसरी साँचो जीवनलाई विश्वासमा पक्रिराख्न सकिन्छ । प्रभुले भन्नुभयो, "जहाँ तिम्रो धन त्यही तिम्रो मन हुन्छ ।" त्यसकारण स्वर्गमा, परमेश्वरमा मन राख्ने हो भने परमेश्वरमा र स्वर्गमा धन थुपार्नु पर्छ । धनीहरूले र हामीले साँचो जीवन पक्रिराख्ने हो भने ख्रीष्टमा आशासित विश्वासमा आफ्नो जीवन र धन सम्पत्ति लगानी वा खर्च गर्नुपर्छ । जहाँ आफ्नो विश्वास छ त्यहीँ नै सबै लगानी गर्छ । संसारमा लगानी गरेको वा खर्च गरेको वा खर्च गरेको स्वर्गमा केही पाउँदैन । प्रभुबाट आशा गर्नु र विश्वासमा उहाँको कामको निम्ति र उहाँका जनहरूका निम्ति खर्च गर्नुहोस् र आशिष् पाउनुहोस् ।

**३. तिमोथीलाई विश्वासयोग्य जीवन बिताउन पावलले उत्साह दिएको छ ।**
(६:२०–२१)
**Paul encourages Timothy to live a trustworthy life. (6:20-21)**

क) तिमोथीलाई जे जिम्मा दिइएको छ वा सुम्पिएको छ, त्यसलाई सुरक्षित राख्नुपर्छ । पावलले जे कुराहरू तिमोथीलाई दिएका छन्, त्यसलाई तिमोथीले राम्रोसँग पालन गर्नुपर्छ । झुटो शिक्षाको बारेमा पनि राम्रोसँग

जानेर मण्डलीमा सिकाउनुपर्छ । तिमोथीलाई पावलको आज्ञा र उत्साह छ कि सत्यलाई पालन गर्नुपर्छ र भूल बाटो, भूल शिक्षालाई इन्कार गर्नुपर्छ ।

ख) भक्तिहीन गनथन र खण्डनहरू, जो झुटो ज्ञान हो, तिनलाई परित्याग गर्नुपर्छ । भक्तिहीन भनेको ईश्वररहित अथवा परमेश्वरमा आशा, विश्वास भक्ति नभएको व्यक्ति हो । "खण्डनहरू" भनेको अरूको विरुद्धमा कुरा गर्नु हो । अरूहरूको कुरा काट्ने र कुरालाई खण्डन गर्ने हो । यस्तो काम, व्यवहारबाट तिमोथी अनि हामी पनि अलग रहनुपर्छ । यस्तो नचाहिँदो गफ गर्ने र अरूको विरोध गर्नेहरूसँग होसियार हुनुपर्छ । झुटो शिक्षकहरूले परमेश्वर वा येशू वा पवित्र आत्मालाई राम्रोसँग मान्दैन । यी झुटो शिक्षकहरूको प्रभाव एफिसीभरि परिसकेको थियो । त्यसकारण पावलले यहाँ लेख्दछन् कि यी कुराहरूका पछि लागेर कति जना आफ्नो विश्वासको लक्ष्यबाट चुकेर गएका छन् । (नयाँ करार बाइबल) अर्को पुरानोमा भनेको छ कि कुनै कुनै विश्वासबाट (भ्रमतिर गएका छन्) भ्रममा परेका छन् । विश्वासको लक्ष्यबाट भूल बाटोतिर लागेका भन्ने बुझिन्छ ।

अन्तमा, पावलले सधैँझैँ साधारण रूपमा आफ्नो पत्र अन्तिम आशिष्को प्रार्थनाबाट बन्द गर्दछ । त्यो हो "तिमीसँग अनुग्रह रहोस् ।" ग्रिक भाषामा "तिमीसँग" बहुवचनमा छ, त्यसको अर्थ "तिमीहरूसँग" हुन्छ । त्यसकारण तिमोथीलाई व्यक्तिगत रूपमा पावलले हौसला दिन र अर्ती दिन लेखे तापनि पावलको सोचाइमा र विचारमा यो पत्र अरूहरूले पनि पालो-पालो गरी पढ्नेछन् । धेरैजसो पावलको पत्र सबैले पालो पालो पढ्ने पत्रहरू नै हुन्थ्यो । त्यसकारणले होला अन्तिम अभिवादनमा "तिमीहरूलाई अनुग्रह होस्" भनेर लेखेको (कलस्सी ४:१८; २ तिमोथी ४:२२; तितस ३:१५)

**निष्कर्ष (Conclusion)**

पावलले तिमोथीलाई आफ्नो अन्तिम शिक्षा दिँदैछन् । जस्तैः

**पहिलो** कुरा, ईश्वरीय जीवन जिउनुपर्छ भन्नेबारेमा र

**दोस्रो** कुरा, धनीहरूलाई चेतावनी र परमेश्वरमा भरोसा राख्न आह्वान । अनि

**तेस्रो** कुरा, हामीले पनि विश्वासयोग्य जीवन बिताउन पावलले उत्साह दिँदैछन् । हामीले कस्तो जीवन जिइराखेका छौं ? सोचौं र परिवर्तित जीवन जिऔं ।

# २ तिमोथी
# 2 Timothy

**लेखक : पावल**

**पाठक : तिमोथी**

**उद्देश्य** : पावलले तिमोथीको सेवकाइमा उत्साह दिन लेखेका हुन् । यस पत्रको मुख्य विषयवस्तु भनेको, कष्ट र सतावट-दुःखको समयमा पनि विश्वासयोग्य हुनुपर्छ भन्ने हो । आफ्नो जिम्मेवारी अरूलाई सुम्पिँदै पनि जानुपर्छ (Passing the Torch) र चेला निर्माण गर्नुपर्छ भन्ने विषयमा छ ।

**मिति : ६६–६७ इ.सं.**

**कहाँबाट** : रोमको जेलबाट

**पृष्ठभूमि** : पावल जेलमा एक्लै थिए । भेटघाट गर्न साथमा लूका मात्र थिए । पावलले अनुरोध गरिरहेका छन् कि अरू साथीहरू उनलाई भेट्न आए । उनको पुस्तक पनि ल्याइदिनू भनेका छन् ।

सबै बाइबल विद्वान्हरूको भनाइअनुसार पावल रोममा २ वर्ष जति आफ्नै डेरामा कैदी भएर बसेपछि (नजरबन्दी) पावलले १-२ वर्षका लागि छुटकारा पाएका थिए । त्यही मौकामा पावल फेरि प्रचार गर्न विभिन्न ठाउँमा पुगे । यो पत्र लेख्नुभन्दा पहिले पावलले तिमोथीलाई एफिसीमा त्यहाँको मण्डलीमा अगुवाइ गर्न पठाएका थिए (१ तिमोथी १ः३) । तर पावल माकेडोनिया गएका थिए । यो तिमोथीको पत्र पावलले माकेडोनियाबाट नै लेखेका हुन् । पछि फेरि पावललाई समातेर रोमको जेलमा लगेका थिए ।

# २. विश्वासयोग्य बन्न बोलावट
# Calling to be faithful

(२ **तिमोथी** १:१–१२; **2 Timothy 1:1-12**)

## परिचय

यो पत्र लेख्दा पावल रोमको कैदमा थिए । त्यतिबेला तिमोथी एफिससमा भएको ख्रीष्टियन मण्डलीको एउटा मुख्य अगुवा थिए । पावलले यो पत्र इ.सं. ६६-६७ तिर रोमको झ्यालखानाबाट लेखेका थिए । यो पत्र लेख्दा आफ्नो जीवनको अन्तिम घडि आएको पावललाई पूरा थाहा थियो (२ तिमोथी ४:६) । नयाँ नियम (करार) मा भएका पावलका पत्रहरूमध्ये यो पत्र सबैभन्दा पछि लेखिएको पत्र मानिन्छ । यो पत्रको केही वर्षमा नै पावललाई टाउको काटेर मारिएको थियो ।

यो र तिमोथीको पत्र लेख्नुको उद्देश्य तिमोथीलाई हौसला दिन र सेवकाइमा उत्साह दिनु थियो । पत्रको मुख्य शीर्ष-विषय दुःख-कष्टमा पनि विश्वासयोग्य बन्नुपर्छ भन्ने हो ।

### १. **पावलको अभिवादन** (१:१–२)
**Paul's greetings (1:1-2)**

पावलको लेखनशैलीअनुसार उनले आफ्नो नाउँ सुरुमै दिएर ख्रीष्ट येशूको एक प्रेरितको रूपमा आफूलाई प्रस्तुत गरेका छन् । पावलले तिमोथीलाई खासमा यो कुरा सम्झाइ राख्न जरुरी त थिएन, किनकि तिमोथीलाई पहिलो पत्र पनि लेखिसकेको थियो र तिमोथी पावलसँग पनि धेरै समय सँगसँगै हिँडेका थिए वा बिताएका थिए । पावलले यो पत्र तिमोथीलाई व्यक्तिगत नाममा लेखे तापनि यो पत्र अरू सबैको सामु पढेर पनि सुनाइन्छ भन्ने निश्चित थियो । त्यसकारण पावलले फेरि आफ्नो प्रेरितपनको कुरा (आफ्नो शीर्षक वा स्थान) जनाउँदछन् । पहिलो तिमोथीको पत्रमा पावलले जवान तिमोथीलाई लेख्दा भनेका थिए कि उनको प्रेरितपन "परमेश्वरको आज्ञाद्वारा" (१ तिमोथी १:१) तर यहाँ पावल भन्छन्, "ख्रीष्ट येशूमा भएको जीवनको प्रतिज्ञाअनुसार" पनि पावललाई

प्रेरितपनमा बोलावट भएको थियो । ख्रीष्ट येशूमा जीवनको प्रतिज्ञा छ । यो प्रतिज्ञा छ । यो प्रतिज्ञा पावललाई जीवन दिन र त्यही जीवन अरूलाई सुनाउन पनि आज्ञा प्रभुले उनलाई दिनुभयो ।

पावलले तिमोथीलाई यहाँ “प्रिय छोरा वा बालक” भनेर सम्बोधन गरेका छन् । पहिलो तिमोथीमा पनि पावलले (१ तिमोथी १ः२) “मेरो साँचो छोरा” भनेर लेखेका छन् । पावलले तिमोथीलाई धेरै नजिकको रगतको नाता भए जस्तै नजिकको सम्बन्धमा जोड दिएका छन् । तिमोथी पावलको आत्मिक छोरा थिए वा हुन् । किनभने पावलले नै तिमोथीलाई प्रभुमा ल्याएको र आत्मिक जीवनमा पनि धेरै नजिकमा हुर्काएका थिए ।

पहिलो पत्रमा जस्तै यहाँ पनि अभिवादन “परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह, कृपा र शान्ति” भनेर गरेका छन् ।

“अनुग्रह” भनेको हामीले नपाउनुपर्ने कुरा पाउनु हो । उदाहरणः जाँचमा पास हुन ३० अङ्क चाहिन्छ, तर विद्यार्थीले २५ मात्र अङ्क पायो र साँचो रूपमा ऊ फेल भयो वा जाँचमा असफल भयो । अनि शिक्षकहरू वा शिक्षकले सोच्यो कि धेरै फेल भएछ त्यसकारण केही अङ्क थपेर पास गर्नुपर्‍यो भनी सबैलाई ७ अङ्क थपिदिन्छ । त्यही थपिदिएको ७ अङ्कलाई अनुग्रहको अङ्क वा ग्रेस मार्क (Grace Mark) भनिन्छ । त्यस्तै मानिस जाति सबै पापी छन् र पापको ज्याला नरक हो । तर प्रभुले मानिस जातिलाई अनुग्रह गर्नु भयो र आफ्नो जीवन कलभरी क्रूसमा बलिदान दिनुभयो । आज उहाँमा विश्वास गर्नेहरू नाशमा पर्दैनन् र नरक जानु पर्दैन; त्यसको सट्टामा उहाँले स्वर्ग दिनुभयो र अनन्त जीवन दिनुभयो । यो अनुग्रह हो ।

“कृपा” (Mercy) अर्को विपरित अर्थ लाग्ने शब्द हो र कृपा वा मर्सि (Mercy) भनेको हामीले पाउनुपर्ने कुरा नदिनु हो । यो एक किसिमले अर्को तर्फबाट हेर्दा अनुग्रह जस्तै हो । उदाहरणः जस्तै हामी मानिस जाति पापी छौं र त्यसको ज्याला नरक भोग्नुपर्छ । तर परमेश्वरले हामीलाई कृपा गरी (Mercy) हामीलाई नरक पठाउनु भएन वा दण्ड दिनु भएन । हामीलाई बचाउनुभयो ।

“शान्ति” यो परमेश्वरको शान्ति हो । यो संसारले दिने जस्तो क्षणिक शान्ति होइन । यो त अनन्तको परमेश्वरको शान्ति हो । जसरी प्रभु येशूले यूहन्ना १४ः२७ मा भन्नुभयो “शान्ति म तिमीहरूका निम्ति छोड्दछु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु, संसारले दिने जस्तो ता मैले तिमीहरूलाई दिने होइन । तिमीहरूको हृदय नता विचलित होस् न भयभीत होस् ।”

यो ख्रीष्टको ईश्वरीय शान्ति पावल तिमोथीलाई होस् भनेर अभिवादन गर्दैछन् । यो शान्ति खासमा सबै मानिस जातिको निम्ति अति आवश्यक छ । यही शान्ति संसार खोज्दैछन् तर पाएका छैनन् । किनकि उनीहरू यो संसारमा र मानिसको कोसिसमा यो शान्ति खोज्दैछन् । शान्तिदाता येशूलाई खोजेका छैनन् । त्यसकारण संसारले अनन्तको साँचो शान्ति पाउन सकेका छैनन् ।

के तपाईंले प्रभुको अनुग्रह, कृपा र शान्ति पाउनुभएको छ ? अनुभव गर्नुभएको छ ? यदि छैन भने ख्रीष्ट येशूलाई विश्वास गरी यी सबै कुरा प्राप्त गर्नुहोस् । तपाईंलाई प्रभुले आशिष् देऊन् ।

## २. **विश्वासयोग्य बन्न बोलावट** (१ः३–१२)
**Called to be trustworthy. (1:3-12)**

पावलले तिमोथीकी आमा र बज्यैको निष्कपट विश्वास बारे उल्लेख गर्दै तिमोथीको पनि त्यस्तै विश्वासको आशा गरेका छन् । परमेश्वरले डरको आत्मा होइन बरु शक्ति, प्रेम र आत्मा संयमको आत्मा दिनुभएको र सुसमाचारका लागि कष्ट भोग्न पनि आग्रह गरेका छन् । "मैले कसमाथि विश्वास गरे म जान्दछु" भनेर पावलले आफ्नो विश्वासको निश्चयता दिएर तिमोथीलाई उत्साह दिएका छन् ।

### *क) तिमोथीलाई धन्यवाद ज्ञापन (१ः३-७)*
*Thanking Timothy (1:3-7)*

**पद ३** : पहिलो तिमोथीमा पावलले आफ्नै मुक्तिको निम्ति र सेवाकाइका लागि परमेश्वरमा धन्यवाद दिएका छन् । (१ तिमोथी १ः१२) तर यहाँ पावलले तिमोथीको मुक्ति र सेवाकाइका लागि धन्यवाद दिएका छन् । पावलले तिमोथीलाई लगातार रूपमा प्रार्थना गर्ने व्यक्ति थिए । उनको प्रार्थनाको कारण धेरैले हौसला पाएका थिए । हामी पनि अरूहरूका लागि लगातार रूपमा प्रार्थना गर्नुपर्छ । अझ विशेषगरी परमेश्वरको सेवकाइमा पूर्ण रूपमा लागेकाहरूका लागि विशेष प्रार्थना गरिदिनुपर्छ । पावलले पत्र लेख्दा र प्रार्थना गरेको समयको कुरा गर्दा अहिले हाम्रो जस्तो सजिलो अवस्थामा थिएन । उनी जेलमा दुःख-कष्टमा थिए । त्यो गाह्रो र दुःखको ठाउँमा पनि तिमोथीलाई अनि अरूलाई प्रार्थना गरिरहन्थे । एउटा कारण तिमोथी पावलको साथमा धेरै समय सेवाकाइमा हिँडिरहे । पावलको एउटा सहयोगीको रूपमा तिमोथी सधैं साथमा थिए । त्यसकारण पावल सधैं तिमोथीलाई सम्झिरहन्छन् र परमेश्वरप्रति उनको जीवनका लागि धन्यवाद चढाउँछन् ।

**पद ४** : पावल र तिमोथी कहिले छुट्यो त्यो त सफासँग हामीलाई थाहा छैन, तर जब पावललाई समातेर रोममा दोश्रो पटकका लागि जेलमा लगियो, त्यतिबेला दुबैले आँसु धेरै बहाएको हुन सक्छ । उनीहरूको रुवाइबाट उनीहरूको सम्बन्ध कति गहिरो थियो भन्ने कुरा प्रकट हुँदछ । यहाँ पावलले तिमोथीको आँशुको सम्झना गरेको र तिमोथीलाई हेर्ने इच्छा प्रकट गरेका छन् । यो पत्रमा पावलले तिमोथीलाई रोममा उनलाई भेट्नु भन्ने कुरा गरेको छ (४:९-२१) । पावलले तिमोथीको सङ्गीपनको र मित्रताको वा साथ दिएको चाहा गरेको छन् । पावलले अवश्य पनि एक्लोपनको अनुभव गरेका थिए । पास्टर, प्रचारक र अरू अगुवाहरू पनि एक समय निराश हुन सक्छ र एक्लोपनको अनुभव गर्न सक्छ । त्यसकारण हामी सबै साधारण विश्वासीले पनि अरूलाई साथ दिएर, उत्साह दिएर, सहायता गरेर हौसला दिनुपर्छ । हरेक ख्रीष्टियनलाई पनि एक अर्कोको नजिकपन र सङ्गतिको आवश्यक हुन्छ ।

**पद ५** : पावलको लेखाइ र कुरा गराइअनुसार धेरैले उनको विरोध गरेको र धेरैले पावललाई त्यागेर गएको बुझिन्छ (१:३-१५; २:१७; ३:१-९, १३, ४:३-४, १०-२१) तर तिमोथीचाहिँ आफ्नो विश्वासमा स्थिर रहेर परिवर्तनमा तिमोथीका आमा र बज्यैको ठूलो प्रभाव परेको उल्लेख गरेका छन् । आमा र बज्यै दुवै जना प्रभु येशू ख्रीष्टमा विश्वास गरेका थिए (प्रेरित १६:१) । प्रेरित १६:१अनुसार आमा विश्वासी थिए र बाबुचाहिँ ग्रिक थिए अथवा प्रभु येशूमा विश्वास गरेका थिएनन् । पावलले तिमोथीलाई अवश्य पनि देखरेख गरेको, वास्ता गरेको हुनुपर्छ किनभने तिमोथीलाई पावलले छोरा, बालक भनेर सम्बोधन गरेका छन् ।

जसरी तिमोथीकी आमा युनिस र बज्यै लोइसले तिमोथीलाई आफ्नो विश्वास, सुसमाचार सुनाएर विश्वासमा ल्याए, त्यस्तै प्रकारले घरको हरेक आमा, बज्यै, दिदीबहिनीले पनि घर परिवारका मानिसहरूलाई मौकामा सुसमाचार सुनाई राख्नुपर्छ । यदि तपाईं विश्वासी हुनुहुन्छ भने चाहे आमा, बज्यै, बाबु, बाज्य, दाजु-भाइ जोसुकै हुनुभए पनि तपाईंले पाउनुभएको ज्योती, मुक्ति, शान्ति, येशूमा भएको लुकाई राख्नुहुँदैन बरु घरमा सबैको सामु चम्कनुपर्छ । हाम्रो परिवार सुसामाचार छर्ने राम्रो मलिलो जमिन जस्तो हो । तपाईं कोही छोरी, छोरा, बुहारी पनि हुनुहोला घरमा तपाईंले आफ्नो आमा, बुबा, दाजु, दिदीलाई पनि सुसमाचार सुनाउनुपर्छ । आफ्नो जीवन साक्षी घरपरिवारलाई दिनुपर्छ । विश्वासीको नाताले परिवारलाई सहायता गर्नुपर्छ ।

*ख) परमेश्वरले दिनुभएको हरेक वरदानलाई जीवित राख्नुपर्छ । (पद ६-७)*
*God given gifts should be used. (V. 6-7)*

**पद ६** : परमेश्वरले हरेक विश्वासीलाई कुनै न कुनै वरदान दिनु भएकै छ । तिमोथीलाई पावलले र अरू एल्डरहरूले शिरमा हात राखेर अभिषेकको प्रार्थना गरिदिएबाट पाएको पास्टरीय र शिक्षाको दान बल्दो पार्न वा राम्रो काम गर्न अथवा जीवित राख्न आज्ञा दिएका छन् । पूर्ण रूपमा र प्रभावकारी रूपमा सेवकाइ गर्नका लागि परमेश्वरले दिनुभएको वरदान चलाउनुपर्छ । पावल यहाँ तिमोथीलाई वरदानलाई सम्हालिराख्न र ठिकसँग प्रयोग गर्न अर्ती दिँदैछन् । पवित्र आत्माले वरदान राम्रोसँग र शक्तिसँग चलाउनलाई सहायता पनि गर्नुहुन्छ । परमेश्वरले दिनुभएको वरदान चलाउने सेवकाइ सबै विश्वासीलाई परमेश्वरले दिनुभएको वरदान मण्डली ख्रीष्ट शरीर बनाउनको निम्ति हो (१ कोरिन्थी १२:४-३१) हरेक व्यक्ति आफ्नो दानअनुसार मण्डलीमा काम गर्नुपर्छ । अनि मात्र मण्डली राम्रो हुन्छ ।

**पद ७** : पावलले तिमोथीको वरदानको विषयमा सम्झँदै छन् । यो वरदान तिमोथीलाई पावल र अरू एल्डरहरूले हात राखेर प्रार्थना गरेबाट मिलेको थियो । आफ्नो वरदानलाई चलाइराख्नुपर्छ; वरदान पनि औजार वा सामान जस्तो हो, जति छोइराख्यो र चलाई राख्यो उति राम्रो भैरहन्छ, खिया लाग्दैन । जब वरदान चलाउँदैन वरदान पनि सामान खिया लागे जस्तो हराउँदै जान्छ । जति दानलाई ठिकसँग चलाउँछ उति सेवकाइ प्रभावकारी र राम्रो हुन्छ । हुन सक्छ, तिमोथी आफ्नो सेवकाइमा केही सुस्तपन आएको थियो अर्थात् आफ्नो वरदान नचलाई बस्न लागेको थियो । पावललाई आएको विरोध र सतावटको कारण डराएर पो सेवकाइमा सुस्तता आएको थियो कि ? हुन सक्छ, जवान भएकोले विभिन्न परीक्षाहरू र समस्याहरू आएको थियो । यस्तो जमानामा के क्रूसमा टाँगेको र मरेको येशूको कुरा गरेर मुर्ख बन्छौ भनेर पनि गिजाएको हुन सक्छ । तर जेसुकै भए पनि प्रभुको सेवा डरमा हुँदैन । परमेश्वरले त सेवकाइमा शक्ति दिनुहुन्छ । प्रेमको शक्ति, बोल्ने साहस, आश्चर्य काम गर्ने शक्ति पवित्र आत्माले दिनुहुन्छ । परमेश्वरले चरित्र निर्माणको निम्ति आत्मसंयमको आत्मा पनि (Self-discipline) दिनुहुन्छ र दिनुभएको छ । हामी विश्वासीहरू सबैलाई परमेश्वरले पवित्र आत्मा दिनुभएको छ जसले शक्ति, प्रेम र आत्मसंयम (स्व-अनुशासन) दिनुभएको छ । पवित्र आत्माको अगुवाइ दिनका दिन खोज्नुपर्छ र उहाँको निर्देशन

पछ्याउनुपर्छ । पवित्र आत्मालाई हाम्रो हृदयमा काम गरायौं भने गलाती ५ः२२, २३ मा भनेको पवित्र आत्माको फल हामीमा हुन्छ, जुन हुन् - प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, नम्रता र संयम । परमेश्वरको सेवकाइ हाम्रो आफ्नो शक्ति र बलमा होइन बरु पवित्र आत्माको शक्तिमा हुनुपर्छ र गर्नुपर्छ ।

*ग) गवाही दिन शर्म मान्नुहुँदैन भनेर उत्साह दिँदैछन् । (१ः८-१२)*
*Paul is encouraging Timothy to witness. (1:8-12)*

**पद ८** : “यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नमान” भनेर तिमोथीलाई लेखेकोबाट अलिअलि हामीलाई थाहा हुन्छ कि तिमोथीलाई सुसमाचार सुनाउन, प्रभु येशूको गवाही दिन लाज, शर्म मानेको रहेछ र आफ्नो वरदानलाई चलाउने रोक्न लागेजस्तो वा सेवकाइमा सुस्तता आएको हुन सक्छ । “यसकारण” शब्दले माथिका भनाइलाई समेटेर अहिलेको तलको कुरा गर्नुपर्ने भन्ने बुझिन्छ । माथि पावलले तिमोथीलाई भनेको चाहिँ पवित्र आत्मा पाएको र उहाँको अगुवाइमा हिँड्छौं भने डरको आत्मा होइन शक्तिको आत्मा पाएको हुन्छ । त्यसकारण सुसमाचार सुनाउन, प्रभुको गवाही दिन, नता पावल सुसमाचारको कारण जेल बस्नु परेकोमा नै शर्माउनुपर्छ वा डराउनुपर्छ । बरु पावलले तिमोथीलाई परमेश्वरको शक्तिमा सुसमाचार सुनाउनको निम्ति दुःख भोग्न सहभागी हुनुपर्छ भनेर उत्साह दिइरहेका छन् । यदि तिमोथीको सेवकाइ परमेश्वरको शक्ति, प्रेम र आत्मसंयम (self-discipline) मा भएको छ भने र देखेको छ भने उनी उनका विरोधीहरू विरुद्धमा शिर ठाडो पारी स्थिर भएर बस्न सकिन्छ र उनी शर्माउँदैन र डराउँदैन पनि । प्रभुको खातिर, सुसमाचारको खातिर साहस लिएर दुःख भोग्न पनि तयार हुनुपर्छ ।

कतिपल्ट सतावट, परीक्षा, दुःख-कष्ट नै नभए पनि हाम्रो विश्वास वा सुसमाचार सुनाउन अप्ठ्यारो लाग्न सक्छ र गाह्रो हुन सक्छ । पवित्र आत्माको शक्तिमा लाज, शर्म, डर हटाएर सुसमाचार सुनाउनुपर्छ र सिकाउने काम गर्नुपर्छ ।

**पद ९-१०**ः सुसमाचारको कुरा गरिसके पछि पावलले महत्वपूर्ण कुरा यहाँ भन्न गैरहेका छन् । परमेश्वरले हामीलाई उद्धार गर्नुभयो र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो । हामीहरू पवित्र जीवन जिउन उहाँले बोलाउनुभएको हो । यो उद्धार र पवित्रताको काम खासमा ख्रीष्टद्वारा सिध्याइसक्नुभएको छ । यो पछि हुन आउने कुरा होइन । पावल लेख्दछन् “हाम्रो कामको आधारमा होइन, तर उहाँको अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि

हामीलाई दिनुभएको थियो।" त्यसकारण तिमोथीले परमेश्वरको शक्तिमा उनको दिन दिनको सेवकाइ गर्न सक्थ्यो । हाम्रो उद्धार, पवित्रता, शक्तिबारे हामीले गर्नु पर्दैन र गरेर पाउने पनि होइन, यो त उहाँको अनुग्रह सित्तैमा पाएको हो । यो परमेश्वरको हामी प्रतिको उद्देश्य हो (रोमी ८:२८; ९:११; एफिसी १:११; ३:११) । यो सुसमाचारको मुख्य कुरा हो (एफिसी २:८-१०) । समय सुरु हुन अघि वा यो संसार बनिनु भन्दा अघि ख्रीष्ट येशूमा विश्वास गर्नेहरूलाई यो अनुग्रह र कृपा दिई सक्नुभएको थियो । तर यो कुरा ख्रीष्ट येशू आउनु भएपछि र हामीले उहाँमा विश्वास गरेपछि मात्र यो कुरा बुझ्न सकिन्छ र सकिएको छ । किनकि अहिले यो कुरा पवित्र आत्माद्वारा बाइबलमा प्रेरितहरूद्वारा प्रकट गर्नु भएको छ (२ थेसलोनिकी २:८; १ तिमोथी ६:१४, २ तिमोथी ४:१, ८; तितस २:१३; एफिसी १:४) । पावलले कहिले येशूलाई मुक्तिदाता वा उद्धारकर्ता रूपमा सम्बोधन गरेका छन् भने (जस्तैः यहाँ २ तिमोथी १:९; तितस १:४; २:१३; ३:६) परमेश्वर नै उद्धारकर्ताको रूपमा १ तिमोथी १:१; २:३; ४:१०; तितस २:१० र ३:४ मा सम्बोधन गरेका छन् (२ पत्रुस १:१;३:१८ मा पनि) । ख्रीष्ट येशू खासमा परमेश्वरका पुत्र परमेश्वर पिताको उद्धारको काममा (उद्देश्यमा) योजनामा हुनुहुन्थ्यो र हुनुहुन्छ । ख्रीष्ट येशूको मृत्युले पापको ज्याला मृत्युलाई नाश गर्नुभयो र जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो । ख्रीष्टको दुःख मृत्यु परमेश्वरको योजनाको एक भाग हो । परमेश्वरको इच्छामा ख्रीष्ट येशूले यस संसारमा दुःख भोग्नुभएको हो । उहाँमा विश्वास गर्नेहरू पनि दुःख पाउनेछ ।

ख्रीष्टले मृत्युलाई हराएको मात्र होइन, उहाँले जीवन र अनन्त जीवन पनि प्रकट गर्नुभयो । पुरानो करार बाइबलमा अनन्त जीवन, मृत्यु, पुनरुत्थान र अनन्तताका सिद्धान्तहरू छायाँको रूपमा थिए । तर यहाँ नयाँ करार बाइबलमा ती छायाँ जस्तो सिद्धान्तहरूमा ख्रीष्ट येशूले प्रकाश पारिदिनुभयो या पूरा गरी देखाउनुभयो । उहाँले पुनरुत्थान, अनन्त जीवन र स्वर्गको आशा उहाँको मृत्यु र पुनरुत्थानबाट पूर्ण निश्चयता दिनुभएको छ ।

कति झुटो शिक्षकहरूले नयाँ नियमलाई (करारलाई) पुरानो करारको कुराबाट अर्थ लगाउँछन्, तर यो अर्थ लगाई बेठिक छ । खासमा त नयाँ करारको कुराबाट पुरानो करारको कुरा अर्थ लगाउनुपर्छ, किनकि पुरानो करारमा नबुझेको - छायाँ जस्तो कुरा अहिले नयाँ करारमा सफासँग पूरा भएको र बुझाएको छ । झुटा शिक्षकहरूले सुसमाचारमा झन् अन्धकारको छायाँ हालेर सफा चित्रलाई झन् धमिलो बनाई दिन्छ । उदाहरणः मान्छे नदेखुन्जेल फोटो (तस्बीर) हेर भनेर

देखाउने चलन छ। विवाहका लागि कुरा गर्दा फोटो देखाउने चलन छ। फोटोमा केही ठाउँमा कालो होला, केही दाग होला, तर जब मान्छे नै अघि आफ्नो सामुन्ने उभिएको छ, कुरा गर्दैछ र मानिसमा त्यस्तो कुनै दाग छैन भने, फोटो हेरेर वा देखाएर "होइन हँ, फोटोमा त कालो छ, दाग छ", यो मानिसलाई फोटोअनुसार हेर्नुपर्छ वा अर्थ लगाउनुपर्छ भन्नु मुर्ख कुरा हुन्छ। मान्छे नै अगाडि छ भने फोटोको के मतलब ? सबैजसो झुटो शिक्षकहरूले येशू ख्रीष्टलाई पुरानो नियम (करार) बाट हेर्न खोज्छन् वा हेर्छन् र अर्थ लगाउँछन्। यो ठूलो भूल हो र झुठ हो। जेहोवाज विट्नेसहरू यो कुरामा धेरै छन्।

**पद ११-१२ :** यो खण्डमा पावलले तिमोथीलाई उत्साह दिँदैछन् कि प्रभुको नाममा जेल गएकाहरूको कारण शर्माउनु पर्दैन। उसको मतलब पावलको कारण तिमोथी लाज मान्नु पर्दैन। पावल ख्रीष्टको निम्ति कैदी भए पनि पावल लाज नमानी ख्रीष्टको सुसमाचार सुनाउँदै साक्षी दिँदैछन्। दुःखको कुरा एफिससमा भएको मानिसहरू पावललाई सहायता गर्नुको सट्टा झन् पावललाई छोडेर हिँडे (२ तिमोथी १:१५)। पावलको निम्ति उत्साह दिन साक्षी दिनुको सट्टा झन छोडेर हिँडे। तिनीहरू पावलको कैदको कारण लाज मानेका थिए। पावलले तिमोथीलाई त्यस्तोको बीचमा प्रभुको निम्ति स्थिर हुन र लाज नमानि साक्षी दिन आह्वान गर्दैछन्। पावलले तिमोथीलाई किन शर्माउनु पर्दैन भनेर चार कारणहरू दिएका छन्ः

क) पावललाई परमेश्वरले बोलावट दिनुभएको थियो (पद ११)। येशू प्रभुले पावललाई दमसकसको बाटोमा भेट्नुभएको थियो (प्रेरित ९) र उनलाई येशू ख्रीष्टले व्यक्तिगत रूपमा नै सेवकाइको निम्ति बोलावट दिनुभएको थियो। पावल सुसमाचार प्रचारक थिए। मानिसहरूले सुसमाचार ग्रहण गरोस् या नगरोस् उनले सुसमाचार प्रचार गर्न कहिल्यै छोडेनन्।

ख) पावल एक प्रेरित पनि थिए। प्रेरित भनेको आज्ञा दिएर विशेष कामको निम्ति पठाइएको हो। प्रेरितलाई इन्कार गर्नु प्रभु येशूलाई इन्कार गर्नु हो।

ग) पावल एक शिक्षक पनि थिए। शिक्षकको अर्थ स्थानीय मण्डलीहरूमा उनले सिकाउने काम पनि गर्दैथिए। उनले यहूदीहरूलाई प्रभु येशूबाट पाउने मुक्तिको सुसमाचार सुनाएर उहाँको सम्पूर्ण जीवनीको शिक्षा दिने गर्थे।

उनको प्रचार र शिक्षाको कारणले धेरै गैर यहूदीहरू प्रभुमा आए र मुक्ति पाए।

घ) पावल ख्रीष्टमा निश्चित थिए (पद १२)। पावललाई ख्रीष्ट येशूको कैदी हुनु परेकोमा कुनै दुःख लागेको छैन र शर्म-लाज पनि लागेको छैन। किन त ? किनभने पावललाई थाहा थियो कि ख्रीष्ट विश्वासयोग्य हुनुहुन्छ। पावलको भनाइ सुनौं "म शर्माउँदिनँ, किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु र मलाई निश्चय छ, जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ।" मुक्ति भनेको कुनै सिद्धान्त विश्वास पाउने होइन तर ख्रीष्ट येशूको मृत्यु र पुनरुत्थानमा विश्वास गरेर मात्र मुक्ति वा उद्धार पाउन सकिन्छ। तै पनि शिक्षा सिद्धान्त सिक्नु महत्वपूर्ण कुरा छ। पावलको निम्ति मुख्य फिक्रीको कुरा अहिले जीवनको दुःख, लाज शर्म होइन उनको निम्ति "त्यो न्यायका दिन" जुन दिनमा इनाम प्रभुले दिनुहुन्छ त्यो महत्वपुर्ण दिन थियो। (२ तिमोथी १:१८;४:८)

त्यसकारण हामीहरूले पनि यो कुरा बुझ्न र मनन गर्न अनि आवश्यक र महत्वपूर्ण छ। यी गहिरो परिस्थिति र दुःख-कष्टको समयमा हामीहरू ख्रीष्ट येशू प्रति विश्वासयोग्य हुनुपर्छ। र उहाँको निम्ति दुःख-कष्ट सहन वा भोग्न पनि हामी तयार हुनुपर्छ, किनकि उहाँ सत्य हुनुहुन्छ र भविष्यमा इनाम दिनुहुन्छ र अरूलाई न्याय गर्नुहुन्छ। त्यसकारण उहाँको खातिर लजाउन पर्दैन। हामी सबै परिस्थितिमा उहाँमा स्थिर हुनुपर्छ र उहाँमा पावल जस्तै विश्वासमा निश्चित हुनुपर्छ।

के तपाईंलाई ख्रीष्टियन भन्न लाज लाग्छ ? के ख्रीष्टको गवाही वा साक्षी दिन लाज लाग्छ ? के तपाईंले कसमाथि विश्वास गरेको छु भन्ने जान्नुहुन्छ र निश्चित हुनुहुन्छ ? के तपाईंलाई प्रभुबाट पाउने इनामको आशा छ ? विचार गर्नुहोस् र ठिक काम गर्नुस्।

## निष्कर्ष (Conclusion)

पावलले तिमोथीलाई आफ्नो बोलावटमा विश्वासयोग्य बन्न हौसला दिँदैछन्। हामी पनि हाम्रो बोलावटमा विश्वासयोग्य हुनुपर्छ। पावलले तिमोथीलाई धन्यवाद दिन्छन्। परमेश्वरले दिनुभएको हरेक वरदानहरू जीवित राख्नुपर्छ। प्रभुको गवाही दिन शर्म मान्नुहुँदैन। यो त गर्वको कुरा हो। प्रभुले आशिष् दिनुहुन्छ।

# ३. समर्पणताको जीवन जिउनुपर्छ
# We need to live committed life.

(२ **तिमोथी** १:१३–१८; **2 Timothy 1:13-18**)

**१. सत्यलाई सुरक्षित राख्नुपर्छ अथवा परमेश्वरको वचनप्रति समर्पित हुनुपर्छ। (२ तिमोथी १:१३–१४)**

**We need to be submissive to the word of God. (1:13-14)**

पहिलादेखि अहिलेसम्म पनि परमेश्वरको काम मानिसद्वारा गराउँदै आउनुभएको छ। ती मानिसहरूलाई परमेश्वरले चलाउनुभयो जो दुःख-कष्ट र गाह्रो अवस्थामा पनि स्थिर रहे । मानिसहरूलाई परीक्षा त थियो कि संसारसँग सम्झौता गरेर आरामको जीवन जिउने तर परमेश्वरका जनहरूले सम्झौता गरेनन् र परमेश्वरको निम्ति दुःख-कष्ट भोगेरै स्थिर बसे। पावल एक जना यस्तो स्थिर व्यक्ति थियो। अब पावलले तिमोथीलाई पनि स्थिर हुन उत्साह दिइरहेका छन्।

परमेश्वरले आत्मिक सत्यता पावललाई दिनुभएको थियो (१ तिमोथी १:११) र यो सत्य अब पावलले तिमोथीलाई दिएको छ। अब तिमोथीले यसलाई सुरक्षित राख्ने र समातिराख्ने जिम्मेवारी पाएको छन्। (२ तिमोथी १:१३,१४) यो सत्य कुरा तिमोथीले अरू विश्वासयोग्य व्यक्तिहरूलाई सिकाएर जिम्मा दिनुपर्छ (२ तिमोथी २:२)।

पावलले आफ्नो जीवनको उदाहरणबाट सिकाउँदै फेरि उनको शिक्षाको नमुना सिको गर्न उत्साह दिँदैछन्। पावल भन्छन्, “ख्रीष्ट येशूमा भएको विश्वास र प्रेममा तिमीले म बाट सुनेका वा सिकेका सत्यहरू नमुनाको रूपमा अनुशरण गर्नुपर्छ। पावलले सिकाएका शिक्षा साँचो र ठिक सिद्धान्त हुन्। त्यसबाट बाहिर गयो भने भूल हुन्छ र झुटो शिक्षामा लाग्न धेरै सम्भावना हुन्छ। यो शिक्षालई ठिकसँग राख्नु पर्‍यो र पछ्याउनु पर्‍यो।

जुन कुरा तिमोथीलाई विश्वाससाथ जिम्मामा दिएको छ त्यसलाई पवित्र आत्माद्वारा सुरक्षित राख्न आज्ञा दिएका छन् । जे जिम्मा तिमोथीले पाएको छ त्यो तिमोथीले अरूलाई सिकाउनुपर्छ र उनले पनि अरूलाई विश्वासको साथ जिम्मा दिनुपर्छ। तिमोथीले परमेश्वरको वचनलाई सुरक्षित राख्नुपर्छ। वचनलाई

बिगार्न नदिन, घटाउन नदिन, थप्न नदिन, अर्थ बङ्ग्याउन नदिन, धमिलो पार्न नदिन तिमोथीले ठूलो भुमिका खेल्नुपर्छ वा जिम्मेवारी लिनुपर्छ । किनभने त्यो समय झुटा शिक्षकहरूको बिगबिगी थियो ।

तिमोथीलाई जिम्मा लाएको सत्यलाई तिमोथीले पवित्र आत्माद्वारा सुरक्षित राख्नुपर्छ । वचन जुन सत्य छ त्यसलाई बङ्ग्याउन, थप्न, घटाउन, नदिन सुरक्षित राख्नु तिमोथीको जिम्मामा आएको छ । पवित्र आत्माको अगुवाइ, ज्ञान-बुद्धि, शक्ति चाहिन्छ । पवित्र आत्माले नै ख्रीष्टको सत्य शिक्षामा डोऱ्याइदिन्छ ।

## २. **परमेश्वरको सेवक स्थिर र समर्पित हुनुपर्छ ।** (२ **तिमोथी** १:१५–१८)
**God's servant needs to stand firm and submissive. (1:15-18)**

सेवकाइको क्षेत्रमा जीवनमा विभिन्न अनुभवहरू गर्नुपर्ने हुन्छ । पावलले यहाँ त्यस्तै तितो र मिठो अनुभव गरेको कुरा लेखेका छन् । कोही विश्वासयोग्य र भक्ति देखाउने हुन्छ भने कोही विश्वासयोग्य हुँदैन विरोध गर्ने हुन्छन् ।

### *क) कोही पावलबाट तर्केर गए (पद १५)*
*Some went away from him. (v. 15)*

ती दिनमा एसिया भन्नाले रोमको लिडिया, माइसिया, कारिया र फ्रिगियालाई बुझाउँथ्यो । पावलको दोश्रो मिसनरी यात्रामा पावललाई त्यो क्षेत्रमा प्रचार गर्न मनाही गरेका थिए (प्रेरित १६:६) तर उनको तेश्रो मिसनरी यात्रामा एफिससमा ३ वर्षसम्म बसे । एफिसस एसियाको राजधानी थिए (प्रेरित १९; २०:३१) । प्रकाशको किताबमा भनेका सातवटा मण्डलीहरू यही एसियामा नै छन् । (प्रकाश १:४, ११)

फुगेलस र हर्मोगेनसबारे हामीलाई को हुन् भन्ने कुरा हामीलाई केही थाहा छैन, किनकि उनीहरूको विषयमा यहाँ उल्लेख गर्नु बाहेक कहीँपनि केही लेखेको छैन । उनीहरू त्यहाँका चर्चका अगुवाहरू हुन सक्छ । उनीहरूको कारणले गर्दा त्यहाँका सबै विश्वासीहरू पनि उनीहरूको पछि लागेका थिए । पावल त नयाँ मानिस त्यहाँ त्यसकारण पावललाई उनीहरूले पछ्याएनन्, झन् पावलदेखि र ख्रीष्टदेखि शर्माए (२ तिमोथी ४:१६ हेर्नुहोस्) ।

पावलको निम्ति त्यतिबेला एकदमै दुःखलाग्दो अवस्था थियो, देमासले उनलाई त्यागेका थिए (२ तिमोथी ४:१०) । उनका सङ्गीहरू सेवकाइका लागि टाढा पठाइएका थिए । त्यो समय धेरै झुटो शिक्षा पनि फैलिरहेको थियो (२ तिमोथी २:१७-१८) । पावल यो पत्र लेखेको समयमा रोमको जेलमा थियो । त्यसकारण पावलले चाहेर पनि बाहिर आएर प्रचार गर्न सक्दैन थियो । जे गर्नु पर्थ्यो तिमोथी आफैंले गर्नुपर्थ्यो । सफल र असफल सबै तिमोथीको हातमा छ ।

पावलले उल्लेख गरेका व्यक्तिहरू अवश्य पनि तिमोथीले जानेका व्यक्तिहरू नै हुनुपर्छ ।

*ख) पावललाई हौसला दिने व्यक्ति ओनेसिफरस थिए (१:१६-१८)*
*Onsiphorus encouraged Paul. (1:16-18)*

पावलले निराशको समयमा एक जना भए पनि हौसला दिने व्यक्ति पाएका थिए- त्यो हो ओनेसिफरस । त्यसकारण उनी भन्दछन्, "प्रभुले ओनेसिफरसको घरानालाई कृपा राखून् ।" "ओनेसिफरस" नाउँको अर्थ फाइदा दिने वा फाइदा पुऱ्याउने हो । उनले पावललाई एफिससमा मात्र साहस र हौसला दिएको होइन रोमको जेलमा समेत खोजी-खोजी पत्ता लगाई भेट्न गए र हौसला दिए । उनले आफ्नो विश्वासयोग्यता अन्तिम समयसम्म पनि देखाए । त्यसकारण पावल तिनीप्रति धेरै धन्यवादी थिए र प्रभुले आशिष्, अनुग्रह गरून् भनेर शुभकामना दिँदैछन् ।

पास्टर, अगुवाहरूलाई सेवा गर्ने, सहायता गर्ने र साहस दिने हरेक मण्डली सदस्यप्रति सधैँ धन्यवादी हुन्छन् । पास्टर, अगुवाहरूलाई पनि हौसला चाहिन्छ । पास्टर, अगुवाहरू पनि निराश हुन सक्छन् । चर्च सदस्यहरूले प्रार्थना गरिदिनुपर्छ, हौसला दिनुपर्छ, सहायता गर्नुपर्छ । ती व्यक्तिहरूलाई परमेश्वरले आशिष्, इनाम दिनुहुन्छ । ओनेसिफरस पावलको जेल सजायदेखि लजाएनन्; समात्ला भनेर डराएनन् पनि; बरु मर्न तयार थिए । कति विश्वासीहरू ख्रीष्टियन भन्न लजाउँछन्, डराउँछन् र भेटघाट गर्न पनि जाँदैनन् । तर उनले त मृत्युको जोखिम लिएर रोमको जेलसम्म खोज्दै गए । उनी ख्रीष्टियन भएको कारणले रोमी सिपाहीले समातेर जेलमा राख्न सक्थ्यो ।

हाम्रा अगुवा वा विश्वासीलाई पक्रेर जेलमा राख्दा के हामी विश्वासीहरू जेलमा भेट्न जान, हेर्न जान तयार छौँ ? के हामी भेट्न गएर हौसला दिन तयार छौँ ? हामी पनि ओनिसिफरस जस्तै साहस लिएर अरू विश्वासीलाई साहस दिनुपर्छ । ख्रीष्टियन भन्न शर्माउनुहुँदैन ।

## निष्कर्ष (Conclusion)

पावलले तिमोथीलाई समर्पणताको जीवन जिउन उत्साह दिँदैछन् । सत्य, जुन परमेश्वरको वचन हो, त्यसलाई सुरक्षित राख्नुपर्छ । परमेश्वरको सेवकहरू स्थिर र समर्पित हुनुपर्छ । पावलबाट कति मानिसहरू तर्केर गएका थिए । हामीबाट पनि कोही कोही तर्केर जान सक्छन् । निराश नहोऔं । काम गर्दै जाऔं । प्रभुले आशिष् दिनुहुन्छ । पावललाई हौसला दिने ओनेसिफरस थिए । कोही न कोही हौसला दिने व्यक्ति हामीकहाँ पनि पठाउनुहुन्छ ।

# ४. सहनको निम्ति चुनौति
# Paul challenged Timothy to patience

(२ **तिमोथी** २:१–१३; **2 Timothy 2:1-13**)

पावलले तिमोथीलाई आफ्नो चेला बन्न र बनाउन आफ्नो दुःख-कष्टमा शर्म नमानोस् र दुःख-कष्ट सहन तयारी हुन र अरूलाई पनि आफूले जानेको कुरा सिकाएर जिम्मा दिन उत्साह र आज्ञा दिइरहेका छन् । पावलले धेरैजसो पत्रमा खेलाडी उपमा दिएर कुरा बुझाएको पाउछौं । पावललाई खेलको खुब सोख भएको कुरा बुझिन्छ ।

१. **पावलले तिमोथीलाई ख्रीष्टको अनुग्रहमा बलियो हुन उत्साह दिँदैछन्** (**पद** १)
**Paul encouraged Timothy to strong in Christ's grace. (v.1)**

पावलले यहाँ तिमोथीलाई "मेरो बालक" अर्थात् "मेरो छोरा" भनेर सम्बोधन गरेका छन् । पावलले तिमोथीलाई सानो देखि र सुरुदेखि नै प्रभुमा हुर्काएको कारणले गर्दा पावलले तिमोथीलाई "छोरा" वा "बालक" भनेका हुन् । तिमोथी पावलसँग मिसिनरी यात्राहरूमा पनि साथसाथ गएका थिए ।

तिमोथी बलियो हुनुपर्ने आफ्नै बल र शक्तिमा होइन बरु येशूमा भएको अनुग्रहमा बलियो हुनुपर्ने हो । प्रभुमा विश्वासमा बलियो हुन उहाँको अनुग्रह, कृपा तिमोथीले र हामीले पनि बुझ्नुपर्छ । प्रभु येशूले हाम्रो लागि के गर्नु भयो ? उहाँको दुःखको मृत्यु हामीले बुझ्नुपर्छ । जति हामी उहाँको अनुग्रह, कृपा, दयामाया बुझ्छौं, उति नै प्रभुमा हामी बढ्न सक्छौं । प्रभुको अनुग्रह नबुझ्नेले प्रभुमा भरोसा गर्न र उहाँमा बढ्न सक्दैन ।

(Grace) "अनुग्रह" भनेको हामीले नपाउने कुरा पाउनु हो, तर "कृपा" (Mercy) भनेको पाउनुपर्ने कुरा नपाउनु हो, अनुग्रह भनेको जस्तै जाँचमा केही अङ्कले असफल (fail) भयो तर ती नपुग अङ्क थपेर पास गरिदिन्छ । त्यस्तो अङ्क दिएकोलाई grace mark वा अनुग्रहको अङ्कले पास भएको वा सफल भएको

भनिन्छ । कृपा (Mercy) भनेको हामीले पाउनुपर्ने दण्ड हामीलाई नदिएर उहाँले सहिदिने वा बोकिदिने हो । जस्तैः हामी नरक जानुपर्ने मानिसहरूलाई उहाँले कृपा गरी (Mercy) नरक जान रोकेर स्वर्ग लानुभयो । उहाँको कृपामा हाम्रो दण्ड क्षमा भयो । यस्तो कुरा बुझ्नु पर्‍यो । अनुग्रहमा बलियो हुनु भनेको अनुग्रह बुझ्नु र त्यसप्रति कृतज्ञ हुनु हो ।

२. **आफ्नो चेला तयार गर्नुपर्छ (पद २)**
**We need to prepare disciples. (v. 2)**

तिमोथीले पावलबाट सिकेका थिए र विभिन्न ठाउँमा पावलसँग यात्रामा हुँदा सुनेका वचनहरू र शिक्षाहरू अरू विश्वासयोग्य र सिकाउन सक्ने मानिसहरूलाई सुम्पिदिनुपर्छ अर्थात् सिकाएर जिम्मा दिनुपर्छ (अङ्ग्रेजीमा trust गर्ने भनेको छ) । सेवकाइ भनेको हाम्रो आफ्नो निम्ति पाउने होइन । हामी एक किसिमले भण्डारे जस्ता हौँ । हामीले अरूलाई जिम्मा दिँदा याद गर्नुपर्ने दुई कुराहरू छन् । चेला बनाउन छान्दा याद गर्नुपर्ने कुराहरू ः

*क) विश्वासयोग्य व्यक्तिलाई छान्नुपर्छ र सिकाउनुपर्छ ।*
*Choose trustworthy people.*

हामीले विश्वासयोग्य व्यक्तिलाई छान्नुपर्छ र सिकाउनुपर्छ । अनि उसलाई त्यो ठूलो महिमित सेवकाइ जिम्मा दिनुपर्छ । विश्वासयोग्य भएन भने सेवकाइ (चेलापन) सफल हुँदैन अथवा सेवकाइ अघि बढ्दैन । सेवकाइ मर्छ । आफूपछिको जिम्मा लिने व्यक्ति तयार गर्नुपर्छ ।

*ख) सिकाउन सक्ने व्यक्ति छान्नुपर्छ ।*
*Choose someone who can teach.*

सिकाउन नसक्ने, जो पायो त्यसलाई छान्दा हामीले सिकाएको सिक्न पनि नसक्ने र सिकाउन पनि नसक्ने छ भने हाम्रो समय मात्र खेर जान्छ । त्यसकारण लाटो, ढिला दिमाग भएको, कुरा गर्न नजान्नेलाई विशेष सेवकाइको जिम्मा दिन मिल्दैन । व्यक्ति छान्न र जिम्मा दिन धेरै प्रार्थना गर्नुपर्छ । यो पास्टरीय सेवकाइ गर्ने विशेष प्रभुको वचनमा चासो राख्ने, प्रभुको अनुग्रह बुझ्ने हुनुपर्छ । सिकाउने दान पाएको व्यक्ति छान्नुपर्छ र सिकाउनुपर्छ ।

यो गुणात्मक ढङ्गमा सेवकाइ पुऱ्याउन र सुसमाचार प्रचार गर्न र छिटो भन्दा छिटो धेरै मानिसहरू प्रभुमा ल्याउन चेला बनाउन अति आवश्यक छ । चेलापन तालिमविना देशलाई प्रभुमा छिटो जित्न असम्भव छ । चेला निर्माण गर्नु भनेको रुखको फलमा बिउ ल्याएर पार्नु वा बिउ भएको फलको रुख रोप्नु हो । बिउ नहुने फल फलाउने रुख छ भने जति नै त्यो रुखले फल फलाए पनि एक दिन त्यो रुखको नाम निसाना हुने छैन । किनभने फल खाएर सकिन्छ । तर बिउ भएको फलको रुख छ भने, बिउले त्यस्तो रुख उमारिरहन्छ र त्यस्तो रुख र फल कहिले पनि नाश हुनेछैन वा लोप हुनेछैन अर्थात् निर्मुल हुनेछैन । त्यसकारण हामीले बिउ भएको फल फलाउने रुख रोपौँ वा बिउ भएको फल फलाउँ । अनि मात्र हाम्रो सेवकाइको अस्तित्व रहिरहने छ ।

### ३. **चेलाका गुणहरू (पद ३–७)**
**Characteristics of disciples. (v. 3-7)**

*क) असल सिपाहीझैँ दुःख भोग्न तयार हुनुपर्छ ।*
*Need to be ready to suffer like a good soldier.*

पावलले तिमोथीलाई उनीहरूसँग दुःख भोग्न साहस गर भनेर आह्वान सहित निवेदन गर्दैछन् । अरू कुनै देश र व्यक्तिको सिपाही होइन तर सारा संसारको मालिक सृष्टिकर्ता येशू ख्रीष्टको सिपाही भन्ने कुरा बुझेर गौरव साथ दुःख भोग्नुपर्छ । सिपाहीमा भर्ना भैसकेपछि अरू धन्धामा अल्मलिनुहुँदैन र हुन पनि सक्दैन । सिपाहीमा भर्ना भएको व्यक्ति सिपाही नियमअनुसार चल्नुपर्छ । सिपाहीमा भर्ना भए पछि घरको चिन्ता, संसारको चिन्ता फिक्री लिएर बस्न मिल्दैन र चिन्ता फिक्री लिएर केही गर्न पनि सक्दैन । सिपाहीको नियमअनुसार एकदम अनुशासित र समर्पित हुनुपर्छ । सिपाहीले आज्ञालाई किन गर्ने र मेरो विचारमा.... भन्ने कुरा चल्दैन । आज्ञालाई केही कुरा नगरि सिरोपर गरी मान्नुपर्छ । सकेसम्म बल, शक्ति लगाएर काम गर्नुपर्छ । म सक्तिनँ भन्न मिल्दैन । सिपाहीको नियम अङ्ग्रेजीमा भन्ने चलन छ कि "Do or die, there is no question of why." अर्थात् “गर या मर किन भन्ने प्रश्न नगर” । काम गर्न सकेन भने त वा बिरामी भयो भने अस्पताल लगेर औषधी पनि गरिहाल्छ । तर आज्ञा मानेन भने मारिनै दिन्छ । हाम्रो प्रभुको सेवामा त्यस्तो मारिहाल्ने कुरा त छैन तर सोध्न नै नपाउने पनि होइन । हाम्रो प्रभु अनुग्रही हुनुहुन्छ । उहाँ समझदारी हुनुहुन्छ । तर बुझेर पछि प्रभुमा पूर्ण समर्पित भएर सेवा भने गर्नुपर्ने हुन्छ । प्रभुको

सेवाकाइमा लागेकाहरू कहीँ कतै मन डुलाएर उहाँका आज्ञाअनुसार पालन गरी सेवकाइमा सिधा लागि रहनुपर्छ। प्रभुको सेवाकाइमा नलागेका व्यापारी वा कुनै एक साधारण मण्डली सदस्यसँग आफूलाई तुलना गर्नुहुँदैन। उनीहरूको इर्ष्या पनि गर्नु हुँदैन। हामीलाई प्रभुले जे दिनुभएको छ र दिनु हुनेछ त्यसमा सन्तुष्ट भएर प्रभुको सेवामा पूर्णकालीन (full time) लागेकाहरूले अनुशरण गर्नुपर्छ। प्रभुको निम्ति सबैकुरा सहने हुनुपर्छ। सिपाहीको जस्तो एउटै उद्देश्यमा तन मन धन दिएर लाग्नुपर्छ। हामी हाम्रो सेवा कसरी गर्दैछौं ? के तपाईंले दुःख पाइरहनुभएको छ ? के तपाईं सांसारिक कुरामा अलमलिरहनुभएको छ ? तपाईंको सेवा कस्तो हुँदैछ ?

*ख) नियम बमोजिम खेल्ने खेलाडी जस्तो हुनुपर्छ।*
*Need to follow rules as an athlete.*

हामी पनि हाम्रो सेवा नियमअनुसार, तरिकासँग गर्नुपर्छ। (पद ५)। खेलको प्रतियोगितामा खेलको आफ्नो-आफ्नो नियम हुन्छ। नियम बमोजिम खेलेन भने वा भाग लिएन भने कुनै पनि खेलाडीले इनाम पाउन सक्दैन। झन् त्यस्तो नियम पालन नगर्नेहरूलाई खेलकुदबाट नै कति वर्ष खेल्न नपाउने गरि निलम्बन गर्न सक्छ र खेलबाट नै पनि निस्काशन गर्न सक्छ। उदाहरणः बक्सिङ्ग खेल हेरौं। बक्सिङ्ग खेलको हरेक एक राउन्ड ३/३ मिनेटको हुन्छ। एक जना सानो केटाले अर्को प्रतिद्वन्द्वी अल्गो ठूलोलाई अचम्म प्रकारले हानेछ। ठूलोलाई खुब रिस उठेछ तर हिर्काउन सकेन र पाएन अनि घण्टी बज्यो र सानो केटा नियमअनुसार हान्न रोकेर आफ्नो बस्ने कुनामा जाँदै गर्दा ठूलोले नियम विपरित रिसले खुब हानेछ र ढालिदिए छ। विचार गर्नुस् ! के त्यो ठूलो अल्गो व्यक्तिलाई जितेको घोषणा गर्छ ? गर्दैन। झन् त्यो ठूलो र अल्गो व्यक्तिलाई खेलबाट निष्काशन गरिन्छ र कति वर्ष खेल्न नपाउने प्रतिबन्ध लगाई दिनेछ। बरु सानो केटा जसले कुटाइ खाए त्यो व्यक्तिलाई विजयको घोषणा गरिनेछ।

त्यस्तै प्रभुको सेवाकाइमा पनि नियमअनुसार सेवा गर्नुपर्छ भन्ने कुरा पावल तिमोथीलाई सम्झाउँदै छन्। बाइबलको नियम, नैतिकता, शिक्षा, अनुशासनमा रहेर सेवा गर्नुपर्छ। होइन भने प्रभुबाट इनाम वा आशिष् पाउँदैन। कति सेवकहरू संसारमा मानिसहरूलाई देखाउन र आफ्नो नाम ठूलो बनाउन बाइबलीय नियम कानुन विपरित इर्ष्यामा सेवा गर्दछन्। मैले नेपालमा धेरै व्यक्तिहरू यस्ता काम गर्नेहरू देखेको छु। उनीहरूलाई बाइबलीय नियममा नैतिकता केही चाहिँदैन।

पावल चाहन्छन् कि तिमोथी पनि यस्तै प्रकारले नियमपूर्वक दगुरेर पुरस्कार पाऊन् (२ तिमोथी ४ः७-८) खेलमा अयोग्य नठहरिऊन् । यसका लागि (योग्य खेलाडी बन्न) अनुशासन, आत्मसंयम, धिरज अथवा सहने शक्ति हुनुपर्छ । खेलाडीले खेलको नियम राम्रोसँग जान्नुपर्छ र बुझ्नुपर्छ र नियम पालन गर्नुपर्छ। परमेश्वरको सेवकाइमा संसारको खेलमा भन्दा हारजीतको विषयमा अति फरक छ। परमेश्वरको सेवकाइमा अनुशासित भई, धिरजसँग विश्वास-योग्यतासँग काम गर्छ भने इनाम वा विजय निश्चित छ, हार्ने कुरै छैन । तर संसारको खेलमा नियम बमोजिम, अनुशासित भएर खेलेता पनि हार्न सक्छ । संसारको खेलमा बाहिरी क्रियाकलापबाट जाँचिन्छ वा न्याय गरिन्छ भने सेवाकाइमा मन, विचार र उत्प्रेरणा (motive, attitude) बाट जाँचिन्छ वा न्याय गरिन्छ।

*ग) परिश्रम गर्ने किसान। (पद ६)*
*Like diligent farmer (v. 6)*

परिश्रम गर्ने किसानको जीवनबाट पनि तिमोथीले सिक्नुपर्छ भनेर पावलले उदाहरण दिइरहेको थियो । किसान मेहनती, आशावादी, धिरजी, सहने, निराश नहुने हुन्छ। किसानको बाली कहिलेकाहीँ नोक्सान हुन्छ। कहिले पानी बढी भएर कहिले पानी नपरेर खडेरी परेर फसल हुँदैन । कहिलेकाहीँ किराले बाली सखाप पारिदिन्छ, तर पनि किसानले कहिले पनि भन्दैन कि अब कहिले पनि म बाली लगाउँदिनँ भनेर । फेरि जब बाली लगाउने समय आउँछ, फलको आशा राखी (आशा लिई) बाली लगाउँछ । अझ पहिला भन्दा बढी मेहनत गरी हेरचाह गरिन्छ । किसान अल्छी हुँदैन, वडो मेहनत साथ कडा परिश्रम गर्छ । फसलको पहिलो हिस्सा पनि पाउँछ । हामीले पनि किसानको जीवनी र कामबाट हाम्रो सेवकाइको निम्ति पाठ सिक्नुपर्छ। हामी पनि मेहनती र कडा परिश्रमी हुनुपर्छ। फलको आशा राखि, निराश नभइकन सेवाकाइ गर्नुपर्छ। प्रभुले अवश्य पनि इनाम दिनुहुन्छ।

*घ) व्यावहारिक जीवन जिउन, तिमोथीलाई पावलको अनुरोध। (पद ७)*
*Need to live paractical life. (v. 7)*

पावल तिमोथीलाई सम्झाउँछन् कि "म के भन्दैछु त्यो विचार गर ।" पावलको शिक्षामा विचार, चिन्तन-मनन गर्ने र व्यावहारिक जीवन जिउन आह्वान पावल गर्दैछन् । परमेश्वरले बुझ्ने हृदय दिनुहुनेछ। बाइबल पढ्दा पवित्र आत्माले समझ

र बुझ्ने हृदय दिनुहुन्छ । बाइबल पढ्दा हाम्रो हृदय खुल्ला राख्नुपर्छ । बुझ्नको निम्ति प्रार्थना पनि गर्नुपर्छ । बाइबल परमेश्वरको आत्माको प्रेरणाद्वारा लेखिएको वचन हो । पावलले लेखे पनि पवित्र आत्माको अगुवाइमा शिक्षा लेख्दैछन् । त्यो पालन गर्नु हाम्रो आत्मिक जीवनका लागि धेरै लाभदायक हुन्छ ।

### ४. **ख्रीष्टको खातिर दुःख-कष्ट भोग्नुपर्छ ।** (**पद ८-१०**)
### **Need to suffer for the sake of Christ. (v. 8-10)**

*क) ख्रीष्टको उदाहरण (Christ's example)*

**पद ८** : पावल भन्दछन्, "मरेकाहरूबाट जीवित हुनुभएको दाउद वंशका येशू ख्रीष्टलाई सम्झना गर, मैले प्रचार गरेको सुसमाचार यही हो ।" ख्रीष्ट येशूले मानिसका पापको निम्ति धेरै दुःख भोग्नुभयो । अन्तमा कलभरी क्रूसमा आफ्नो प्राण समेत दिनुभयो । हामीलाई थाहा छ क्रूसको मृत्यु कति सास्ती हुन्छ भनेर । उहाँले हामी पापी मानिसहरूको खातिर सबै दुःख-कष्ट भोग्नुभयो । दुःख-कष्ट भोगी क्रूसको मृत्यु पछि उहाँ तेश्रो दिनमा मरेकाहरूबाट जीवित हुनुभयो । येशू ख्रीष्टको जीवनी, काम, मृत्यु, पुनरुत्थान सबै उहाँ जन्मनुभन्दा पहिला नै भविष्यवाणी भैसकेको थियो । ख्रीष्ट येशू दाउदको कुल र वंशबाट आउनुपर्थ्यो र आउनुभयो । पावलले तिमोथीलाई सम्झाई राखेको कुरा यो छ कि त्यो येशू ख्रीष्टको दुःख-कष्ट सम्झना गर र उहाँलाई सम्झना गर भनेर । आज हामीले पनि हाम्रो निम्ति दुःख-कष्ट भोग्ने र क्रूसमा बलिदान भैदिने येशू ख्रीष्टलाई सम्झना गर्नुपर्छ ।

पावलले प्रचार गरेको सुसमाचार ख्रीष्ट येशू नै हुनुहुन्छ । र उहाँको जीवनी, मृत्यु र पुनरुत्थानको प्रचार नै सुसमाचार हो भनेर पावल भन्दैछन् । ख्रीष्ट येशू यस संसारमा आउनुभएको मुख्य उद्देश्य मानिसको पाप क्षमा दिन हो । त्यसको निम्ति उहाँले शिक्षा दिनुभयो र त्यसअनुसार जीवन जिउनुभयो; अन्तमा उहाँले मानिस जातिको पापको निम्ति क्रूसमा आफ्नो जीवन बलिदान स्वरूप दिनुभयो; अनि तेश्रो दिनमा मरेकाबाट जीवित हुनुभयो । यी कुरामा विश्वास गरी ख्रीष्ट येशूलाई प्रभु र मुक्तिदाता भनी मनमा (हृदयमा) विश्वास गर्छ वा ग्रहण गर्छ, त्यसलाई मुक्ति अनन्त जीवन मिल्छ र पाप क्षमा मागेकोले पाप क्षमा हुन्छ । यही कुरा बताउनु नै सुसमाचार हो ।

पावलको समयमा पनि किसिम किसिमका झुटो शिक्षकहरू र विभिन्न विचार गर्ने मानिसहरू आइसकेका थिए । त्यति बेलाको कुराकानी, हलचल दुई

किसिमको थियो । (१) कसैले भन्थे कि ख्रीष्ट येशू ईश्वर थिए, तर मानिस होइनन् । (२) कसैले भन्थे कि येशू ख्रीष्ट साधारण मानिस मात्र हुन्, ईश्वर होइनन् ।

आजभोलि समाजमा येशू ख्रीष्ट खालि मानिस मात्र हुन्, ईश्वर होइनन् भनेर धेरै जोड दिन्छन् र प्रमाण खोज्दछन् र संसारको ठूलाठूला नेताहरू, गुरुहरूसँग तुलना गर्न खोज्दछन्, जस्तैः बुद्ध, गान्धी आदि । जे होस् यी दुवै विचार वा शिक्षाले येशू ख्रीष्टको सत्यतालाई बिगार्छ र सुसमाचारलाई बिगार्छ । खासमा ख्रीष्ट येशू पूर्ण मानिस र पूर्ण ईश्वर हुनुहुन्छ । उहाँ पापरहित, निर्दोष, धर्मी, पवित्र ईश्वर र मानिस दुबै मिश्रित व्यक्ति हुनुहुन्छ । त्यसकारण उहाँले हाम्रो पाप कलभरी क्रूसमा बोक्न सक्नुभयो र मानिसको शरीरमा पाप लिई क्रूसमा टाँग्नुभयो । उहाँ ईश्वर भएको कारण तेश्रो दिनमा फेरि मृत्युबाट जीवित हुनुभयो । यहाँ पावलले दुवैको प्रमाण दिएका छन् । "येशू दाउद वंशको" भन्नु पूर्ण मानिसको प्रमाण हो भने "ख्रीष्ट मृत्युबाट जीवित हुनुभयो" भन्नुको अर्थ हुन्छ उहाँ पूर्ण ईश्वर भन्ने प्रमाण । यो शिक्षा-सिद्धान्त ख्रीष्टियनहरूका लागि अति महत्वपूर्ण र आवश्यक छ । यो कुरा भुल्नुहुँदैन र यो शिक्षा सधैँ हामीले विश्वास गर्नुको साथै विश्वासीहरूलाई सिकाइ राख्नुपर्छ ।

*ख) पावलको उदाहरणः (९-१० पद)*
*Paul's Example (v. 9-10)*

**पद ९** : यही सुसमाचारको निम्ति र कारण पावल दुःख-कष्ट, जेल भोगिरहनु परेको थियो । अपराधीलाई जस्तै साङ्लामा बाँधिराखेको थियो । पावलको दुःख-कष्ट आफैं सम्झेर तिमोथीलाई सम्झाउँदै र दुःख-कष्ट भोग्न आह्वान गर्दै थिए ।

पावलले ख्रीष्ट येशूको प्रचार गर्दा यहूदीहरूलाई धेरै रिस उठ्थ्यो किनभने पावलले येशू ख्रीष्ट परमेश्वर नै हुनुहुन्छ भनेर प्रचार गर्दै थियो, यहूदीहरूले येशू ख्रीष्टलाई ईश्वरको रूपमा हेर्न नसक्ने वा मान्न चाहँदैन थियो । यहूदीहरूको सोच विचारमा ख्रीष्ट येशू मानिस मात्र हुन् । परमेश्वर एक मात्र हुनुहुन्छ । परमेश्वरको तुलनामा कोही आउँछ भने त्यो भ्रमित हो भन्ने उनीहरूको शिक्षा र विचार थियो । तर कति यहूदीहरूले ख्रीष्टलाई ग्रहण गरेर उहाँलाई पछ्याए । पावलको विरुद्ध धेरै मानिसहरू उठे विरोध गरे । त्यसकारणले पावल अहिले रोमको जेलमा रहनु परेको हो । हाम्रो समयमा पनि सुसमाचार प्रचार गर्नु त्यति सजिलो त छैन । धेरै

विरोधहरू आउन सक्छ र धेरै बाधाहरू आउन सक्छ, तर सतावट, दुःख-कष्ट र विरोधहरूको बाबजुद पनि हामीले सुसमाचार लगातार रूपमा प्रचार गर्नै पर्छ। कोही कोहीले येशू ख्रीष्टलाई इन्कार गर्नेछन्। हाम्रो काम हो सुनाउने, बुझाउने तर ग्रहण गर्ने र नगर्ने उनीहरूको आफ्नै जिम्मेवारी हो। अरू कुरा त्यसको नतिजा परमेश्वरको हातमा सुम्पिदिनुपर्छ। जे होस्, हामीले कर्तव्य पूरा गर्नुपर्छ। परमेश्वरको वचन कसैले पनि रोकिराख्न सक्दैन। परमेश्वरको काम कसैले रोक्न सक्दैन र रोक्नु हुँदैन।

**पद १०** : पावल भन्दछन् र आफ्नो समर्पण प्रमाण गर्दछन् कि चुनिएकाहरूको खातिर वचन-सुसमाचार सुनाउन सबै कुरा सहन तयार छ ताकि सबैले ख्रीष्ट येशूमा भएको मुक्ति पाउन सकून्। कसैको मुक्तिको निम्ति यदि पावलले दुःख-कष्ट भोग्नुपर्ने हो भने पनि उनी तयार रहेको कुरा स्पष्ट पार्दछन्। पावल परमेश्वरको उद्देश्यको खातिर र मानिसहरूको उद्धारको निम्ति जे पनि गर्न तयार छ।

हामीले पनि पावलले जस्तै सोच, मन, समपर्णता प्रकट गर्नुपर्ने हो र व्यवहारमा पनि सुसमाचारको निम्ति दुःख-कष्ट भोग्न तयार हुनुपर्छ। हाम्रो दुःख-कष्टले, सुसमाचार सुनाइदिनाले कसैले मुक्ति पाउँछ भने हामी उनीहरूको खातिर दुःख-कष्ट भोग्न पनि तयार हुनुपर्छ। हामी प्रभुका सेवाकाइमा कतिको गम्भीर छौं ? हामीले सुसमाचार सुनाउने कुरालाई कति गम्भीर प्रकारले लिएका छौं ? के अरू मानिसहरू प्रति हाम्रो जलन छ ? प्रभुविना मरिरहेका र हराइरहेका मानिसहरूको निम्ति कतिको प्रार्थना गर्छौं ? पावलको मन, सोचाइलाई विचार गर्नुहोस् र त्यस्तै जीवन जिउन प्रभुसँग अनुग्रह माग्नुहोस्, सुसमाचारको निम्ति शर्म नमानौं। हामीसँग मुक्तिको सुसमाचार छ। हामीले नै सुनाएनौं भने त अरूको निम्ति मुक्तिको उपाय नै छैन।

### ५. **विश्वासयोग्य भनाइ।** (२ **तिमोथी** २:११-१३)
**Trustwortrhy statement. (v. 11-13)**

यहाँ जे पावलले भनाइ प्रस्तुत गरेको छन्, त्यो सत्य हो। खासमा यसमा बहस गर्नुपर्ने जस्तो त केही देखिदैन। किनभने यो भनाइ पहिला पहिलादेखि चलिआएको सत्य भनाइ थियो।

*क) "यदि हामी उहाँसँग मरेका छौं भने, हामी पनि उहाँसँगै जिउने छौं।"*

यहाँ "उहाँसँग मर्नु" भनेको आफ्नो स्वार्थ, शारीरिक इच्छा र कार्य सबैलाई त्यागेर जसरी ख्रीष्ट क्रूसमा आफूलाई दिनुभयो, त्यस्तै हामी आफैंलाई उहाँसँग मर्न समपर्ण गर्छौं भने जसरी उहाँ मृत्युबाट बौरी उठ्नुभयो, त्यसरी नै हामीलाई पनि उहाँसँगै बौरी उठाउनुहुन्छ। हामी सबै सँगै जिउने छौं।

*ख) "हामीले सह्यौं भने, हामी पनि उहाँसँगै राज्य गर्नेछौ।"*

प्रभु येशूले डाँडामा दिनुभएको उपदेशमा पनि दीन हुनेहरू र नम्र हुनेहरू अनि सतावट पाउनेहरूलाई अधिकार दिने कुरा वा पाउने कुरा र राज्य गर्ने कुरा येशू ख्रीष्टले बताउनुभएको पाउँछौं। धिरजी, नम्र र सहने व्यक्तिलाई उहाँसँगै राज्य गर्न दिनु हुनेछ। हामीले पनि ख्रीष्ट येशूले जस्तै दुःख-कष्ट सहनुपर्छ। अनि हामी पनि उहाँसँग राज्य गर्न पाउने छौं। ख्रीष्टले सहनुभयो र एकदिन उहाँले राज्य गर्नु हुनेछ (१ कोरिन्थी १५:२५) र ख्रीष्टको निम्ति दुःख-कष्ट भोग्नेहरू पनि एकदिन उहाँसँगै राज्य गर्न पाउने छ। (प्रकाश ३:२१)

*ग) "यदि हामीले उहाँलाई इन्कार गर्‍यौं भने उहाँले पनि हामीलाई इन्कार गर्नु हुन्छ।"*

परमेश्वरलाई त्यागेर जाने विषयमा यहाँ सङ्केत गरेको छ। बाहिरी रूपमा प्रभुलाई चिने जस्तो गरी मण्डलीमा सङ्गतिमा आइरहेको हो भने पछि त्यस्तो व्यक्तिले ख्रीष्टलाई इन्कार गरेर जान सक्छ।

*घ) "यदि हामी अविश्वासी छौं भने पनि उहाँ विश्वासयोग्य रहनु हुनेछ, किनकि उहाँले आफैंलाई इन्कार गर्न सक्नुहुन्न।"*

कतिपल्ट हामी विश्वासीहरू नै पनि अविश्वासी भइदिन्छौं, प्रभुको साक्षी दिनुपर्छ भनी थाहा पाउँदा पाउँदै पनि साक्षी-गवाही दिँदैनौं। प्रभुको अनुग्रह कृपालाई बिर्सि आफ्नै इच्छाअनुसार जीवन जिउछौं, हामी आफ्नो करार वा प्रतिज्ञाअनुसार जीवन जिउँदैनौं। प्रभुप्रति विश्वासघात गर्छौ। यो व्यवहार वा यस्तो काम राम्रो त होइन। तर पनि कति भैहाल्छ। तर हामी प्रति र प्रतिज्ञामा प्रभु येशू विश्वासयोग्य बस्नुहुन्छ। यो उहाँको ईश्वरीय गुण हो। हामी उहाँप्रति विश्वासयोग्य नभए पनि, उहाँको निम्ति फल नफलाउने, वा काम नलाग्ने जस्तो भए पनि उहाँले हामीलाई माया गरिरहनुहुन्छ र उहाँको हामीप्रतिको, प्रतिज्ञा विश्वासयोग्यताको साथ पूरा नै गर्नुहुन्छ। उदहरणः आमा-बाबु र छोराछोरीको लिन सकिन्छ। छोराछोरीले आमा


बाबुले भनेको कुरा नमाने पनि छोराछोरी प्रति आमाबुबा विश्वासयोग्य भएर पालनपोषण गरिरहेकै हुन्छन् । त्यस्तै हामी परमेश्वरका सन्तान भएको कारणले उहाँले त्यसो गर्नुहुन्छ । उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । तर त्यसो भन्दैमा हामी अविश्वासीको काम गर्नेहरू हुनु भएन वा विश्वासघात गर्नुभएन । हामी लाइसेन्स लिए जस्तो नराम्रो गर्दै, अविश्वासीको काम गरिरहनु भएन । जसरी उहाँ हामीप्रति विश्वासयोग्य हुनुहुन्छ त्यस्तै हामी पनि विश्वासयोग्य हुनुपर्छ र यो हामी विश्वासीहरूको उहाँप्रतिको कर्तव्य हो ।


तपाईं कस्तो हुनुहुन्छ ? के तपाईं उहाँसँग मर्नुभएको छ ? के तपाईं उहाँको निम्ति दुःख-कष्ट भोग्नुभएको छ ? तपाईं उहाँलाई इन्कार गर्नुभएको छ कि स्वीकार गर्नुभएको छ ? के तपाईं उहाँप्रति विश्वासयोग्य हुनुहुन्छ ? माथिको भनाइ जुन सत्य छ सोच्नुहोस् र व्यवहारमा लागु गर्नुहोस् ।


**निष्कर्ष (Conclusion)**


पावलले तिमोथीलाई सहन र चेला बनाउन उत्साह दिइराखेका छन् । अनुग्रहमा हामी सेवकहरू बलियो हुनुपर्छ । अनि चेला बनाउने काममा तम्तयार हुनुपर्छ । चेला बनाउने र बन्ने व्यक्ति सिपाहीँझैं दुःख भोग्न तयार हुनुपर्छ; खेलाडी जस्तै नियम बमोजिम खेल्नु वा सेवा गर्नुपर्छ र किसानझैं मेहनती र आशावादी हुनुपर्छ । ख्रीष्टको निम्ति दुःख-कष्ट पनि भोग्नुपर्छ । दुःख भोग्ने उहाँसँग राज्य पनि गर्न पाउनेछ ।


# रेभ. डा. मंगलमान महर्जनद्वारा लिखित





## आत्मिक उन्नतिका लागि यी पुस्तकहरू पढ्ने गरौं ।

## थोक तथा खुद्रा बिक्रीको लागि सम्पर्क

**क्वाइनोनिया समाज सेवा पुस्तक पसल**
फोन नं.: ९८४१-३७१९२३

**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डली**
पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल
फोन नं. ०१-५४३३८४२, ५४३३५६४, ई-मेल: patanchurch@gmail.com

**बाइबलीय प्रवचनबारे तपाईंहरूका**
**कुनै प्रतिक्रिया भए हामीलाई लेख्नुहोस् ।**

P.O. Box No. 2415, Kathmandu, Nepal | Tel.: +977-01-5433842, 01-5433564
E-mail: patanchurch@gmail.com

# BOOK POST

पाउने:
To:

क्वाइनोनिया
**KOINONIA**
पो.ब.नं. २४१५, काठमाडौं, नेपाल ।
P.O. Box No. 2415, Kathmandu, Nepal.